आज मिति २०८२/०७/२५ गते मंगलबारको दिन यस शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को आठौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा वसी तपसिलको उपस्थितिमा देहायवमोजिमका निर्णयहरु गरियो।

उपस्थितः-

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद वस्याल | अध्यक्ष | |
| २ | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष | |
| ३ | श्री उदयराज गडेरिया पाल | वडाध्यक्ष | |
| ४ | श्री कमल खड्का क्षेत्री | वडाध्यक्ष | |
| ५ | श्री हेम बहादुर खड्का | वडाध्यक्ष | |
| ६ | श्री केशव प्रसाद अधिकारी | वडाध्यक्ष | |
| ७ | श्री चन्द्रभान चौधरी थारु | वडाध्यक्ष | |
| ८ | श्री उपेन्द्र साहनी | वडाध्यक्ष | |
| ९ | श्री भिम नारायण चौधरी | का.वा. वडाध्यक्ष | |
| १० | श्री शान्ति सुनार | कार्यपालिका सदस्य | |
| ११ | श्री पवित्रा थारु | कार्यपालिका सदस्य | |
| १२ | श्री गिता नेपाली | कार्यपालिका सदस्य | |
| १३ | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य | |
| १४ | श्री राममिलन लोध | कार्यपालिका सदस्य | |
| १५ | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री लेख बहादुर वस्नेत | सदस्य - सचिव | |
| | आमन्त्रित | | |
| १ | तुलसा अर्याल | सहायक प्रशासकीय अधिकृत | |
| २ | गंगा बञ्जाडे | कार्यालय सहयोगी | |
| ३ | | | |
| ४ | | | |

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०७।२५ गतेको बैठकका निर्णयहरु:

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०७।२५ गतेको बैठकका निर्णयहरु:

१. अघिल्लो कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो ।

२. गाउँपालिकाको संगठन तथा व्यवस्थापन समितिले पेश गरेको शुद्धोदन गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृतिको लागि प्रमुख निकाय लुम्विनी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत आन्तरिक मामिला तथा योजना मन्त्रालयमा सहमतीको लागि पठाउने निर्णय गरियो ।

३. यस गाउँपालिकामा हाल कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरु आवश्यकता अनुसार नै गाउँपालिकाले करार तथा ज्यालादारीमा कामकाज गर्न खटाइ रहेकोले निजहरुलाई नेपाल सरकारले स्वीकृत गरेको संगठन संरचना, गाउँपालिकाले स्वीकृत गरेको संगठन संरचना तथा गाउँसभाले बजेट मार्फत आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत गरेको करार सेवाको दरवन्दी समेतको आधारमा निरन्तरता दिने निर्णय गरियो ।

४. यस गाउँपालिकाले विगतका वर्षहरुमा जस्तै उपलब्ध गराउँदै आएको बालिका जन्म प्रोत्साहनलाई निरन्तरता दिँदै यस आर्थिक वर्षमा पनि प्रति बालिका जन्मको आधारमा रु. २ हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

५. यस गाउँपालिकाले प्रयोग गर्दै आएको ई-सिफारिस प्रणालीमा डिजिटल सिग्नेचरको प्रयोग गर्न पेश भएको प्रस्ताव बमोजिम रु. ३०,८४९।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

६. विगतका वर्षमा प्रयोग भएको शुद्धोदन गाउँपालिकाको ई-सिफारिस प्रणालीको वार्षिक मर्मत खर्च रु. ७ लाख ४४ हजार विगतमा काम गरेको सेवा प्रदायक Cell App Pvt.Ltd. ले पेश गरेकोले पेश भएको रकम बमोजिम निजसँग वार्षिक मर्मत सम्झौता गरी ई-सिफारिस प्रणालीलाई निरन्तरता दिने निर्णय गरियो ।

७. यस गाउँपालिकामा कार्यरत अधिकृत स्तर छैठौं, नेपाल कृषि सेवा, ला.पो.डे.डे. समूहमा कार्यरत श्री बोधराज खनाले स्वास्थ्य समस्या देखाइ दिनुभएको राजिनामा मिति २०८२।०८।०१ गते देखि लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

८. प्राकृतिक चिकित्सा केन्द्र सैनामैनालाई गाउँपालिकासँगको सम्झौताको आधारमा हाललाई रु. २ लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

९. यस गाउँपालिकाको वडा नं. २ मा रहेको कृषकहित स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लिमिटेडले विषय परिवर्तन गर्न दिएको निवेदन तथा साधारण सभाको निर्णय समेतको आधारमा उक्त सहकारी लिमिटेडलाई कृषकहित स्वावलम्बन बहुउद्देश्यीय संस्था लिमिटेडको रुपमा परिवर्तन गरी पुनर्लेखन गरी पेश गरेको विनियम २०८२ स्वीकृत गरी विषय परिवर्तन गर्ने निर्णय गरियो ।



CamScanner

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०७।२५ गतेको बैठकका निर्णयहरु:

१०. शुद्धोदन गाउँपालिका वडा नं. १ वडा कार्यालय परीसरमा रहेको ९३६५.१० घ.फि. माटो वडा नं. १ परिसरमा क्यान्टिन र पार्किङ्ग निर्माण गर्ने कार्य (ठेक्का नं. NCB/SRM/2081-82) मा प्रयोग गर्नका लागि आर्थिक वर्ष २०८२/८३ को स्वीकृत राजस्वमा १५ प्रतिशत थप गरी उक्त निर्माण कार्यको बिल भुक्तानी हुँदा राजस्व दाखिला हुने गरी श्री गौराङ्ग कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग सर्भिसेस प्रा.लि. टोखा-०२, काठमाण्डौं लाई उपलब्ध गराउने निर्णय गरियो ।

११. प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेशको प.सं. ०८२/८३ च.नं. १०२ मिति २०८२/०५/११ गतेको पत्र अनुसार यस गाउँपालिका भित्र नेपाल सरकारबाट स्वीकृत तपसिलका दरबन्दीका पदहरु प्रदेश लोक सेवा आयोगबाट पदपूर्तिको लागि माग आकृति फारम भरी पठाइएकोमा स्थानीय कृषि सेवा, ला.पो.डे.डे. समूहको अधिकृत सातौं तहको पदमा हाल कर्मचारी कार्यरत रहेकोले सच्चाइ तपसिल अनुसार संशोधन गरी पुन माग आकृति फारम प्रदेश लोक सेवा आयोगमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | रिक्त पद | सेवा/समुह | संख्या | कैफियत |
|---|---|---|---|---|
| २ | सहायक स्तर पाचौं | स्थानीय कृषि सेवा/ भेटेरिनरी | १ | रिक्त रहेको |
| ३ | सहायक स्तर पाचौं | स्थानीय कृषि सेवा/ मत्स्य | १ | रिक्त रहेको |
| ४ | सहायक स्तर चौंथो | स्थानीय कृषि सेवा/ ला.पो.डे.डे. | १ | रिक्त रहेको |
| ५ | अधिकृत सातौं/आठौं | स्थानीय कृषि सेवा/ बालिसंरक्षण | १ | रिक्त रहेको |
| ६ | सहायक स्तर चौंथो | स्थानीय कृषि सेवा/ कृषि प्रसार | १ | रिक्त रहेको |
| ७ | सव-ईन्जिनियर | स्थानीय ईन्जिनियरिङ सेवा/ सिभिल | १ | रिक्त रहेको |

१२. आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत भएका उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुको तालिम तथा योजना सम्झौता तपशिल अनुसार गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | तालिम सञ्चालन हुने मिति | योजना सम्झौता हुने मिति |
|---|---|---|
| १ | २०८२।०८।१ | २०८२।०८।९ |
| २ | २०८२।०८।२ | २०८२।०८।१० |
| ३ | २०८२।०८।३ | २०८२।०८।११ |
| ४ | २०८२।०८।४ | २०८२।०८।१२ |

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०७।२५ गतेको बैठकका निर्णयहरु:

| वडा नं. | तालिम सञ्चालन हुने मिति | योजना सम्झौता हुने मिति |
|---|---|---|
| ५ | २०८२।०८।५ | २०८२।०८।१४ |
| ६ | २०८२।०८।७ | २०८२।०८।१५ |
| ७ | २०८२।०८।८ | २०८२।०८।१६ |

१३. आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अनुसार दानव नदी नियन्त्रण कार्य गाउँपालिकाको वडा नं. २,६ र ७ को लागि विनियोजित रकम रु. ७६०००००।– बाट दानव नदीको तपसिल अनुसारसका स्थानहरुमा नदी नियन्त्रण गर्ने कार्य गर्ने निर्णय गरियो । साथै प्राविधिक लागत अनुमान अनुसारको रकम रु.८४९४१५५/८७ भई अपुग रकम रु. ८,९५,०००/००, आ.व.२०८२/०८३ मा गाउँपालिका स्तरीय पुँजिगत खर्चको लागत साझेदारीका लागि आवश्यक रकम (वार्षिक विकास योजना पुस्तिकाको पेज नं.१३८,क्र.सं.९२) बाट स्रोत सुनिश्चितता गरी बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

तपसिलः

क) वडा नं. २ को सिंगापुर

ख) वडा नं. २ को शिशौघारी

ग) वडा नं. ६ को गुरौली

घ) वडा नं. ७ को बोहरवा

१४. तपशिल अनुसारका नियमावली, कार्यविधि र निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो।

क) शुद्धोदन गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८२

ख) शुद्धोदन गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८२

ग) बालगृह संचालन कार्यविधि, २०८२

घ) बाल विवाह विरुध्द कार्यक्रम संचालन खर्च व्यवस्थापन कार्यविधि, २०८२

ङ) व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८२

च) शुद्धोदन गाउँपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि २०८२

छ) सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि, २०८२

ज) सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८२

झ) शुद्धोदन गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

ञ) स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०८२

ट) शुद्धोदन गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८२

ठ) शुद्धोदन गाउँपालिकाको उपेक्षित उष्ण प्रदेशिय रोग प्रभावित नागरिकहरुका लागि स्वयम् हेरचाह समूह गठन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२

ड) शुद्धोदन गाउँपालिकाको सीपमुलक तालिम सञ्चालनका लागि प्रशिक्षक र प्रशिक्षार्थी छनौट निर्देशिका, २०८२



CamScanner